*Downloaded from www.mediapolicy.org.np*

**प्रदेश १**

# प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथिको समीक्षा

***सेन्टर फर मिडिया रिसर्च - नेपाल***

## पृष्ठभुमि

प्रदेश १ मा आमसञ्चार सम्बन्धी छुट्टै नीति तयार पारिएको छैन । तर, प्रसारण माध्यम नियमन गर्न प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' २०७५, असार ६ गते पारित भईै लागू भइसकेको छ । सुरुमा मस्यौदा गरिएको विधेयकमा रेडियो, एफएम र टेलिभिजन बन्द गर्ने अधिकार प्रदेश सरकारलाई दिएको भन्दै नेपाल पत्रकार महासंघ प्रदेश समितिदेखि सांसदहरुले विरोध गरेपछि प्रदेश संसदले ती प्रावधानलाई प्रदेशसभाले संशोधन गर्दै पारित गरेको हो ।

## विधेयकमाथि संशोधन

| | विधेयकमा व्यवस्था | संशोधनको व्यहोरा | ऐनमा व्यवस्था |
|---|---|---|---|
| दफा ११ उपदफा १ | दफा ११(१) प्रसारणमा रोक लगाउन सकिने: एक पटकमा ६ महिना नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्ने छ । | दफा ११ (१) प्रसारणमा सचेत गराउन सकिने: 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाईबीचको सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेईज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलना | दफा ११ (१) प्रसारणमा सचेत गराउन सकिने: नेपालको सार्वभौमसत्ता भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाईबीच सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेईज्यती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा |

*Downloaded from www.mediapolicy.org.np*

| | | | |
|---|---|---|---|
| | | गर्ने र जातीय छुवाछुत एवं लैङ्गिक विभेदलाई दुरुत्साहन गर्ने कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई प्रदेश सरकारले पहिलो पटक सचेत गराउन सक्नेछ । *(बिमल कार्की, सावित्रा कुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्र कुमार राई (नेकपा) र केदार कार्की ( नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएको संशोधन व्यहोरा)* रोक लगाउने हटाएर जरिवाना गर्ने व्यवस्था हुनुपर्ने (संविधानको धारा १९ को मर्म विपरित) प्रसारण पूर्व रोक लगाइने छैन ।' *(नेपाली कांग्रेसका सांसद केदार कार्कीले दर्ता गराएको संशोधन व्यहोरा)* | सार्वजनिक शिष्टाचार, नौतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवं लैङ्गिक विभेदलाई दुरुत्साहन गर्ने कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई प्रदेश सकारकारले पहिलो पटक सचेत गराउन सक्नेछ |
| दफा ११ उपदफा २ | | दफा ११ उपदफा २ उपदफा: बमोजिम सचेत गराउँदा समेत यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्यको प्रसारण गरे÷गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धीत अन्य व्यक्तिलाई तोकिएको अधिकारीले रु. १० हजारदेखि रु.१ लाखसम्म जरिवाना गर्न सक्नेछ । तर, जरिवाना गर्नुअघि | उपदफा १ बमोजिम सचेत गराउँदा समेत यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्यको प्रसारण गरे÷गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले १० हजार देखि १ लाखसम्म जरिवाना गर्न सक्नेछ । तर, जरिवाना गर्नु अघि |

*Downloaded from www.mediapolicy.org.np*

| | | | |
|---|---|---|---|
| | | प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाई पेश गर्न मुनासिव माफिकको मौका दिनुपर्नेछ ।<br>*(बिमल कार्की, सावित्रा कुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्र कुमार राई (नेकपा) र केदार कार्की (नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएको संशोधन व्यहोरा)* | प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाई पेश गर्ने मुनासिब माफिकको मौका दिनु पर्ने छ भनी थप गरिएको छ । |
| दफा १२ उपदफा १ | दफा १२ उपदफा १: कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रशारण गरेमा सम्बन्धीत मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई पहिलो पटक सचेत गराउन सक्नेछ । | यो व्यवस्था पुरै हटाउनुपर्ने।<br>*(बिमल कार्की, सावित्रा कुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्र कुमार राई (नेकपा) र केदार कार्की (नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएको संशोधन व्यहोरा)*<br>'इजाजत पत्र खारेज गर्न सक्ने व्यवस्था खारेज गर्ने वाक्य हटाई नियमन गर्ने भन्ने थप्ने (संविधानको धारा १९को २ को प्रतिकुल रहेको) ।'<br>*(नेपाली कांग्रेसका सांसद केदार कार्कीले दर्ता गराएको संशोधन व्यहोरा)*<br>यो व्यवस्था पुरै हटाउनुपर्ने।<br>*(नेकपाका सांसद विमल कार्कीले दर्ता गराएको संशोधन व्यहोरा)* | यो प्रावधान हटाइएको । |
| दफा १२ उपदफा २ | दफा १२ उपदफा २<br>उपदफा १ बमोजिम | यो व्यवस्था पुरै हटाउनुपर्ने।<br>*(विमल कार्की, सावित्रा कुमारी* | यो प्रावधान हटाइएको। |

*Downloaded from www.mediapolicy.org.np*

| | | | |
|---|---|---|---|
| | सचेत गराउदा समेत यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्यक्रम प्रसारण गरेमा प्रदेश सरकारले यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजत पत्र रद्ध गर्न सक्नेछ । | *रेग्मी, लछुमन तिवारी, राजेन्द्र कुमार राई (नेकपा) र केदार कार्की (नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएको संशोधन व्यहोरा)*<br>यो व्यवस्था पुरै हटाउनुपर्ने।<br>*(नेकपाका सांसद बिमल कार्कीले दर्ता गराएको संशोधन व्यहोरा)* | |
| दफा १२ उपदफा ३ | दफा १२ उपदफा ३M उल्लेखित उपदफा २ बमोजिम इजाजत पत्र रद्ध गर्नु अघि प्रदेश सरकारले यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्न मुनासिव माफिकको मौका दिनुपर्नेछ । | यो व्यवस्था पुरै हटाउनुपर्ने।<br>*(विमल कार्की, सावित्रा कुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्र कुमार राई (नेकपा) र केदार कार्की (नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएको संशोधन व्यहोरा)*<br>यो व्यवस्था पुरै हटाउनुपर्ने।<br>*(नेकपाका सांसद बिमल कार्कीले दर्ता गराएको संशोधन व्यहोरा)* | यो प्रावधान हटाइएको । |
| दफा १६ उपदफा १ (क) | दफा १६ उपदफा १(क)M राजनितिक दलहरुलाई प्रतिकुल असर गर्ने गरी विज्ञापन प्रासारण गर्न पाइने छैन । | दफा १६ उपदफा १(क): राजनीतिक दलहरुलाई प्रतिकुल असर पर्ने विषयका कुराहरुको सटटा गलत र भ्रामक तथ्य राखेर राजनैतिक दल, व्यक्ति, संस्था, समुदाय लगायतलाई प्रतिकुल असर पर्ने विषयका कुराहरु हुनुपर्ने ।<br>*(विमल कार्की, सावित्रा कुमारी रेग्मी, लछुमन तिवारी, राजेन्द्र* | दफा १५ उपदफा १(क): गलत र भ्रामक तथ्य राखेर राजनैतिक दल, व्यक्ति, संस्था, समुदाय लगायतलाई प्रतिकूल असर पर्ने विषयमा विज्ञापन प्रसारण गर्न नपाइने भन्ने थप गरिएको छ । |

*Downloaded from www.mediapolicy.org.np*

| | | | |
|---|---|---|---|
| | | *कुमार राई (नेकपा) र केदार कार्की (नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक) ले दर्ता गराएको संशोधन व्यहोरा)*<br><br>राजनैतिक दलहरुलाई प्रतिकुल असर पर्ने हटाउनुपर्ने ।<br>*(नेपाली कांग्रेसका सांसद केदार कार्कीले दर्ता गराएको संशोधन व्यहोरा)* | |

**निष्कर्ष**

प्रदेश नम्बर १ को संसदले पत्रकार महासंघ प्रदेश समितिको माग र सांसदहरुको संशोधनको व्यहोराअनुसार 'प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'लाई संशोधन गर्दै २०७५ असार ६ गते पारित गरेको हो । प्रसारणमा रोक लगाउन सकिने दफा ११ को प्रावधानलाई संशोधन गर्दै पारित विधेयकमा प्रसारणमा सचेत गराउन सकिने व्यवस्था राखिएको छ । त्यस्तै दफा १२ मा रहेको इजाजत पत्र रद्ध गर्न सकिने व्यवस्थालाई हटाएर मात्रै विधेयक पारित गरिएको हो । दफा १६ को विज्ञापन प्रसारणसम्बन्धी व्यवस्थालाई पनि संशोधन गरिएको हो । जे होस्, महासंघ प्रदेश समिति र सांसदहरुले दर्ता गराएको संशोधनको व्यहोराअनुसार प्रदेश नम्बर १ को संसदले विधेयकलाई संशोधनसहित पारित गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गरिएको छ ।

***

थप जानकारीका लागि

सेन्टर फर मिडिया रिसर्च - नेपाल
काठमाडौं, नेपाल ।
cmrnepal@butmedia.org
www.mediapolicy.org.np